भोकमरी पेट खाली हुने समस्यामात्रै होइन । ५.३ प्रतिशत जनसंख्या अझै दैनिक आवश्यक 'क्यालोरी' पुर्‍याउन असमर्थ मानिन्छ । बाल पुड्कोपना २६ प्रतिशत छ, जसले दीर्घकालीन स्वास्थ्य, शिक्षा र श्रमशक्तिमा असर गर्छ । करिब ३८ लाख मानिस पर्याप्त आहार पाउन सकिरहेका छैनन् भने ६३ प्रतिशत परिवारले खाद्य मूल्यवृद्धिलाई मुख्य चुनौती मानिरहेका छन् । यी तथ्यांकले स्पष्ट गर्छ कि खाद्य सुरक्षा अभाव समस्या नभएर संरचनागत संकटको विषय बनेको छ ।

नेपालको खाद्य असुरक्षाको मूल कारण जटिल र बहुपरतीय छ । कृषि प्रधान देश भए पनि किसान आफ्नै खेतबाट सुरक्षित छैनन् । उत्पादन लागत बढ्दो छ, तर न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा लागू गरिएको छैन । धान, गहुँ, मकै, चामलजस्ता प्रमुख बालीमा किसानको लाभ सीमित छ । आयातमा निर्भरता उच्च रहेका कारण विश्व बजारको मूल्य अस्थिरताले नेपाली थालीमा प्रत्यक्ष असर पार्छ ।

सन् २०२५ मा खाद्यान्नको मूल्य वृद्धिले ६३ प्रतिशत घरपरिवार प्रभावित भएको तथ्यांकले देखाउँछ कि मूल्य अस्थिरता उत्पादन वा बजारको समस्यामात्र होइन, यसले ग्रामीण गरीब परिवारको दैनिक जीवन र पोषणमा पनि ठूलो असर पारिरहेको छ । उच्च मूल्य र कम आयले गर्दा गरीब परिवारले सस्तो, कम पोषक तत्व भएको आहारमा निर्भर हुन बाध्य छन्, जसले कुपोषण र भोकमरीको चक्रलाई निरन्तरता दिएको छ ।

नेपालमा कृषि उत्पादन र उपभोगबीचको तालमेल मिल्न सकेको छैन । वार्षिक खाद्य उत्पादन पर्याप्त देखिए पनि वितरण प्रणाली असक्षम र असमान छ । उत्पादनको केही भाग बजारसम्म पुग्दैन, जबकि जोखिम क्षेत्रमा खाद्य अभाव गहिरो छ ।

नेपालको भौगोलिक विविधता खाद्य असुरक्षाको अर्को मुख्य कारण हो । कर्णाली र सुदूरपश्चिमका हिमाली र पहाडी क्षेत्र दुर्गम छन् । सडक, सञ्चार र यातायात अभावले समयमै खाद्य वितरणमा बाधा पुर्‍याउँछ । मधेशमा पनि बाँझो जमिन, सिँचाइ अभाव र प्राविधिक स्रोत कमीले उत्पादनमा असन्तुलन ल्याएको छ । उत्पादन भए पनि बजारसम्म पुग्दा ढिलाइ हुने गरेको छ । पूर्वाधार अभावले वितरणमा मात्रै असर गर्दैन, यसले किसानलाई उत्पादन प्रविधि र बजार पहुँचबाट पनि वञ्चित गराउँछ । जसका कारण दीर्घकालीन खाद्य सुरक्षामा संकट थप्छ ।

त्यसो त, भोक आर्थिक वा भौगोलिक कारणले मात्र हुँदैन । सामाजिक संरचना र पोषण अभ्यासले पनि ठूलो भूमिका खेल्दछ । बालबालिकाको न्यून आहार विविधता, मातृ शिक्षा र महिला सशक्तीकरण अभावले पोषण सुधारमा बाधा पुर्‍याउँछन् । ६-२३ महिनाका बालबालिकाको एकतिहाइले न्यूनतम आहार विविधता पूरा गर्न सकेका छैनन् । महिला शिक्षा, स्वास्थ्य र पोषण ज्ञानमा असमानता, समुदायमा पुरानो परम्परा र आहार अभ्यासले कुपोषण र भोकमरीलाई दोहोर्‍याएको छ । बालबालिकाको दीर्घकालीन स्वास्थ्य, मानसिक विकास र शारीरिक क्षमता प्रभावित हुने भएकाले भोकमरी तत्कालीन समस्या होइन, यो भविष्यको मानव स्रोत र राष्ट्रिय विकासका लागि जोखिम हो ।

नेपाल सरकारले खाद्य सुरक्षा र पोषण सुधारका लागि विभिन्न पहल गरेको छ । तर तिनको प्रभावकारिता र दीर्घकालीन स्थायित्व अझै सीमित देखिन्छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दुर्गम क्षेत्रमा ढुवानी अनुदान र खाद्य भण्डारण व्यवस्था गरेको छ ।

राष्ट्रिय खाद्य सुरक्षा भण्डार तथा सार्क खाद्य बैंकमा क्रमशः २५ हजार मेट्रिक टन र ८ हजार मेट्रिक टन गरी ३३ हजार मेट्रिक टन खाद्यान्न मौज्दात व्यवस्थापन गर्दछ । खाद्य कम्पनीले भण्डारण गर्ने खाद्यन्न आकस्मिक राहतमा सहयोगी भए पनि दीर्घकालीन उत्पादन सुधार र जोखिम न्यूनीकरणमा प्रभाव सीमित छ । बहुक्षेत्रीय पोषण योजना कुपोषण र अल्पपोषण घटाउन समन्वय प्रयास गर्छ । तर, स्थानीय तहसम्म प्रभाव पार्न अप्ठ्यारो देखिन्छ । कार्यक्रम लागू गर्ने क्षमता र समन्वय अभावले धेरैजसो योजना कागजमै सीमित रहन्छन् । आधुनिक गोदाम, सहुलियत मूल्य पसल र कृषि उद्यमशीलता बढाउने योजना छन् । यद्यपि, कार्यान्वयन ढिलाइ र वित्तीय सीमितताले दीर्घकालीन समाधानमा चुनौती थपेको देखिन्छ ।

दक्षिण एसियाली सन्दर्भमा नेपाल र श्रीलंका मध्यमस्तरको भोकमरीमा छन् । भारत, अफगानिस्तानजस्ता देश अझै गम्भीर श्रेणीमा छन् । नेपालले बाल पुड्कोपना घटाउन केही प्रगति गरेको भए पनि पछिल्ला वर्ष सुधार स्थायी नभएको प्रमाणित भएको छ ।

नेपालले खाद्य सुरक्षामा आयातमा भर पर्नुमात्र होइन, सशक्त कृषि, प्रविधिमैत्री उत्पादन र जोखिम क्षेत्रलाई प्राथमिकता दिने रणनीति अपनाउनैपर्छ । किसान सशक्तीकरण अनिवार्य छ । न्यूनतम समर्थन मूल्य कडाइसाथ प्रभावकारी रूपमा लागू गर्न, सस्तो ऋण, बिमा र प्रविधिमैत्री खेतीलाई प्रोत्साहन गर्न सक्नुपर्छ । किसानलाई स्रोत र सम्मानबिना उत्पादन बढ्दैन, पोषण सुधार असम्भव छ ।

जोखिम क्षेत्रमा लक्षित पोषण कार्यक्रम सञ्चालन गर्नुपर्छ । कर्णाली, सुदूरपश्चिम र मधेशमा पोषण प्याकेज र स्थानीय उत्पादन प्रोत्साहन प्राथमिकतामा राख्नु अपरिहार्य छ । जलवायु-अनुकूलन प्रणाली विकास आवश्यक छ । वर्षा/सिँचाइमा आधारित प्रणाली, जैविक विविधता संरक्षण, जोखिम पूर्वानुमान र बाली संरक्षणबिना दीर्घकालीन खाद्य सुरक्षा सुनिश्चित हुँदैन ।

सशक्त स्थानीय सरकार, समुदायमा आधारित निगरानी र कमजोर वर्गलाई प्राथमिकतामा राख्ने नीतिबिना 'जिरो हंगर' लक्ष्य केवल सपना हुनेछ । संघीय, प्रादेशिक र स्थानीय सरकारबीच समन्वय, निगरानी र कार्यान्वयन क्षमता बलियो हुनुपर्छ । खाद्य सुरक्षाको दोसाँधमा रहेको नेपाललाई एक बाटोले भोक, कुपोषण र असमानताको चक्रलाई दीर्घ बनाउँछ भने अर्को बाटोले किसानलाई सम्मान, नागरिकलाई सुरक्षा र राष्ट्रलाई दिगो खाद्य भविष्यतर्फ धकेल्छ । सही निर्णय र दृढ नीतिगत कार्यान्वयनले मात्रै 'जिरो हंगर' लक्ष्यलाई वास्तविक बनाउन सक्छ ।

खाद्य सुरक्षा पेटको प्रश्नमात्रै होइन, यो त सामाजिक न्याय, अवसर समानता, मानवकेन्द्रित विकास र राष्ट्रिय स्थायित्वको सवाल हो । किसानलाई सशक्त बनाएर, उत्पादनलाई प्रविधिसँग जोडेर, जोखिम क्षेत्र प्राथमिकतामा राखेरमात्र नेपालले भोकमरीरहित, दिगो र समृद्ध भविष्यको परिकल्पना साकार गर्न सक्छ ।

*(लेखकको यो निजी विचार हो)*

---

## पाठक मञ्च

लेख-रचना-प्रतिक्रियाका लागि इमेल गर्नुहोस् : bicharrajdhani@gmail.com

# कैयौं निर्वाचनले नबुझेको कर्णालीको यथार्थ



नेपालको संविधान २०७२ ले पनि प्रत्येक नागरिकलाई शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी र समान विकासको मौलिक हक सुनिश्चित गरेको छ । 'समावेशी र समानुपातिक विकास' संघीय लोकतान्त्रिक गणतन्त्रको मूल प्रतिबद्धता हो । तर, व्यवहारमा हेर्दा देशका दुर्गम भूभाग विशेषतः हुम्लाका नागरिकले अझै पनि राज्यका आधारभूत सेवाबाट पूर्ण लाभ लिन सकिरहेका छैनन् । कर्णाली प्रदेशको हिमाली भेगमा पर्ने यो जिल्ला भौगोलिक रूपमा विकट, यातायात पहुँच कमजोर र पूर्वाधार विकासमा पछाडि छ ।

### भौगोलिक विकटता र यातायातको चुनौती

हुम्ला सडक सञ्जालले पूर्ण रूपमा राष्ट्रिय राजमार्गसँग नजोडिएको जिल्लामध्ये एक हो । वर्षायाममा पहिरो र बाढीका कारण ग्रामीण सडक अवरुद्ध हुन्छन् भने हिउँदमा हिमपातले आवतजावत ठप्प पार्छ । सदरमुकाम सिमकोट पुग्न अझै हवाई सेवा प्रमुख विकल्प हो । जसबाट ढुवानी लागत अत्यधिक बढाउँछ । परिणामस्वरूप खाद्यान्न, निर्माण सामग्री र दैनिक उपभोग्य वस्तु महँगो पर्छन् । सरकारले 'मध्यपहाडी लोकमार्ग' र उत्तर-दक्षिण करिडोरजस्ता परियोजनालाई प्राथमिकता दिए पनि दुर्गम हिमाली जिल्लासम्म गुणस्तरीय सडक विस्तार सुस्त छ । यातायात पूर्वाधार कमजोर हुँदा शिक्षा, स्वास्थ्य र व्यापारिक गतिविधि सबै प्रभावित हुन्छन् ।

### खाद्य सुरक्षा र जीवनयापनको संकट

हुम्लामा सीमित खेतीयोग्य जमिन र कठोर मौसमका कारण उत्पादन कम हुन्छ । स्थानीय वर्षमा केही महिनामात्र आफ्नै उत्पादनले गुजारा चलाउन सक्छन् । बाँकी समय बाहिरबाट खाद्यान्न आयातमा निर्भर रहनुपर्छ । ढुवानी महँगो भएकाले चामल, तेल, नुनजस्ता आधारभूत वस्तु अन्य जिल्लाभन्दा धेरै मूल्यमा उपलब्ध हुन्छन् ।

संविधानले खाद्य सुरक्षालाई मौलिक हक मानेको छ । 'खाद्य तथा पोषण सुरक्षा नीति २०७५'ले दुर्गम क्षेत्रमा सहुलियत ढुवानी र भण्डारण व्यवस्था सुदृढ गर्ने उल्लेख गरेको छ । तर, कार्यान्वयन कमजोर हुँदा वास्तविक लाभ सर्वसाधारणसम्म पुग्न सकिरहेको छैन ।

### स्वास्थ्य सेवा : संरचना छ, सेवा छैन

स्वास्थ्य मन्त्रालयका तथ्यांकअनुसार ग्रामीण तथा हिमाली क्षेत्रमा चिकित्सकको दरबन्दी पूर्ति न्यून छ । हुम्लाका धेरै स्वास्थ्य चौकीमा पनि नियमित चिकित्सक छैनन् । औषधि आपूर्ति ढिलो हुने, उपकरण अभाव र आकस्मिक उद्धारमा कठिनाइ हुने समस्या विद्यमान छ ।

'राष्ट्रिय स्वास्थ्य नीति २०७६'ले प्राथमिक स्वास्थ्य सेवामा समान पहुँच लक्ष्य राखे पनि भौगोलिक विकटताका कारण कार्यान्वयन प्रभावकारी देखिँदैन । आकस्मिक अवस्थामा बिरामीलाई नेपालगञ्ज वा सुर्खेत लैजानुपर्ने अवस्था आउँछ, जसले समय र खर्च दुवै बढाउँछ ।

### ४. शिक्षा र मानव पूँजी विकास

ग्रामीण विद्यालयमा शिक्षक अभाव, भौतिक पूर्वाधार कमजोरी र सूचना-प्रविधि सीमित पहुँचका कारण विद्यार्थी प्रतिस्पर्धी हुन सकिरहेका छैनन् । 'विद्यालय क्षेत्र विकास योजना (एसएसडीपी)' र हालको 'शिक्षा क्षेत्र योजना'ले गुणस्तरीय शिक्षाको लक्ष्य लिए पनि हिमाली जिल्लामा यसको प्रभाव अपेक्षितस्तरमा देखिँदैन । मानव पूँजी विकास कमजोर हुँदा युवा रोजगारीका लागि जिल्ला बाहिर वा विदेश पलायन भइरहेका छन् । बसाइँसराइ बढ्दा गाउँका खेतबारी बाँझो बन्दै गएका छन्, जसले खाद्य सुरक्षालाई थप कमजोर बनाउँछ ।

### स्थानीय सम्भावना : अवसर किन नउठाउने ?

हुम्लामा स्याउ, आलु, फापर, जडीबुटी र पशुपालनको ठूलो सम्भावना छ । सीमावर्ती क्षेत्र भएकाले अन्तरदेशीय व्यापारको अवसर पनि छ । तर, बजारसँग जोड्ने सडक, भण्डारण र प्रशोधन उद्योग नहुँदा उत्पादनले उचित मूल्य पाउँदैनन् । 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना' र 'सहुलियत ऋण कार्यक्रम' प्रभावकारी रूपमा कार्यान्वयन भए स्थानीय अर्थतन्त्र सुदृढ हुन सक्थ्यो । सहकारीमार्फत संकलन, चिस्यान केन्द्र स्थापना र ब्रान्डिङ गरिएमा हुम्लाका उत्पादन राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सक्छन् ।

### संघीयता र कार्यान्वयनको प्रश्न

संघीय संरचनापछि स्थानीय तहलाई विकासको प्रमुख जिम्मेवारी दिइएको छ । तर, सीमित स्रोत, प्राविधिक जनशक्ति अभाव र समन्वय कमजोरीका कारण ती योजना समयमै सम्पन्न हुन सकिरहेका छैनन् । संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन र प्रभावकारी अनुगमन अपरिहार्य छ । विकासका लागि विनियोजित बजेट समयमै खर्च नहुनु अर्को चुनौती हो । पारदर्शिता र उत्तरदायित्व सुनिश्चित नगरी लक्ष्य प्राप्ति सम्भव छैन ।

### अबको बाटो : घोषणाभन्दा कार्यान्वयन

*हुम्लाको समस्या समाधानका लागि निम्न कदम आवश्यक देखिन्छन्–*

- गुणस्तरीय सडक सञ्जाल र नियमित हवाई सेवा सुनिश्चित गर्ने ।
- सहुलियत ढुवानी तथा खाद्यान्न भण्डारण केन्द्र विस्तार गर्ने ।
- ग्रामीण स्वास्थ्य संस्थामा दरबन्दी पूर्ति र टेलिमेडिसिन विस्तार गर्ने ।
- कृषि उत्पादनलाई बजारसँग जोड्ने पूर्वाधार निर्माण गर्ने ।

समृद्ध नेपाल निर्माणको आधार दुर्गम क्षेत्रको उत्थान हो । कर्णालीलाई सधैं 'पछाडि परेको क्षेत्र' भनेरमात्र चित्रण गर्नु पर्याप्त छैन । ठोस नीति, पारदर्शी कार्यान्वयन र दीर्घकालीन दृष्टिकोण आवश्यक छ ।

हुम्लाका नागरिकले दया होइन, अधिकार खोजिरहेका छन् । संविधानले दिएको समान अवसर व्यवहारमा उतार्नु राज्यको दायित्व हो । अब पनि कार्यान्वयनमा ढिलाइ गरिए कर्णालीको विकासको सपना अझ टाढा सर्नेछ । समयमै ठोस कदम चालेर दुर्गम नागरिकको विश्वास जित्नु नै आजको सबैभन्दा ठूलो आवश्यकता हो । कैयौं चुनावले नदेखेको कर्णालीबासीको दुःख अबका सरकारले देखोस् भन्ने हाम्रो चाहना छ ।

■ **पदम बुढा**
गुटुचौर, सुर्खेत

# सन् २०२५ मा पत्रकार हत्यामा इजरायलको भूमिका अहम् : सीपीजे

एजेन्सी
न्युयोर्क, १३ फागुन

सन् २०२५ मा विश्वभर १ सय २९ जना पत्रकार र सञ्चारकर्मी मारिएका छन्। यी घटनामा इजरायलले गाजाबाट रिपोर्ट गर्ने पत्रकारहरूको ठूलो हिस्सा मारिएर सबैभन्दा बढी भूमिका खेलेको देखिएको पत्रकार संरक्षण समिति (सीपीजे) ले बुधबार जनाएको छ। सन् २०२५ मा पत्रकारहरूको मृत्युको संख्या अत्यधिक बढेको छ र सीपीजेले तीन दशकअघि डेटा संकलन सुरु गरेदेखि यो सबैभन्दा घातक वर्ष बनेको छ, जुन लगातार दोस्रो वर्ष हो।

सीपीजेका प्रमुख जोडी गिन्सबर्गले विज्ञप्तिमा भनेका छन्, 'सूचनाको पहुँच पहिलेभन्दा बढी महत्वपूर्ण भएको समयमा पत्रकारहरूको हत्या हुनु हामी सबैका लागि जोखिम हो। सन् २०२५ मा भएका मृत्युको तीन चौथाईभन्दा बढी द्वन्द्वका कारण भएको छ।'

सन् २०२५ मा इजरायली गोली हानाहानबाट मारिएका ८६ पत्रकारमध्ये ६० प्रतिशतभन्दा बढी गाजामा रिपोर्ट गर्ने प्यालेस्टिनी थिए। इजरायली सेनाले पत्रकारहरूलाई जानाजानी लक्षित नगर्ने दाबी गरेको छ। युक्रेन र सुडानमा पनि पत्रकारको मृत्यु बढेको छ। सीपीजेले ड्रोन प्रयोगबाट भएका ३९ घटना दस्तावेज गरेको छ, जसमा गाजामा इजरायलले २८ र सुडानमा अर्धसैनिक बलले पाँच पत्रकारको हत्या गरेको थियो। युक्रेनमा रुसी सैन्य ड्रोनले चार पत्रकारको हत्या गरेको छ। यो सन् २०२२ पछि युद्ध क्षेत्रमा पत्रकारको सबैभन्दा ठूलो वार्षिक मृत्यु हो।

सीपीजेले दण्डहीनताको निरन्तर संस्कृतिका कारण पत्रकारहरू बढ्दो जोखिममा रहेको बताएको छ। मेक्सिकोमा ६ र फिलिपिन्समा ३ पत्रकार मारिएका थिए। भ्रष्टाचार रिपोर्टिङका कारण बंगलादेशी पत्रकारको हत्या भएको र भारत र पेरुमा संगठित अपराधसँग सम्बन्धित मृत्युहरू रेकर्ड गरिएको छ। साउदी अरबमा प्रमुख स्तम्भकार तुर्की अल-जस्सरलाई राज्यद्वारा मृत्युदण्ड दिइएको थियो।

पृष्ठ १ बाट क्रमश:

## काम सम्झाउँदै...

तनहुँ क्षेत्र नम्बर-१ मा १ लाख २६ हजार ८ सय ८२ मतदाता रहेका छन्। २६ देखि ४० वर्ष उमेर समूहका युवा मतदाता सबैभन्दा धेरै ३५ प्रतिशत रहेको यस क्षेत्रमा ३३ प्रतिशत ४१ देखि ६० वर्ष उमेर समूहका र २३ प्रतिशत ६० वर्षभन्दा माथि उमेर समूहका रहेका छन्। जेनजी उमेर समूहमा पर्ने १८ देखि २५ वर्ष उमेर समूहका ७ प्रतिशत रहेका छन्।

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा ५४ दशमलव ०३ प्रतिशत मत खसेको यस क्षेत्रमा आसन्न निर्वाचनमा मत खस्ने सम्भावित प्रतिशत केही बढ्ने अनुमान गरिएको छ।

**कोही काम भजाउँदै, कोही आस देखाउँदै**

तनहुँ क्षेत्र नम्बर-१ का मतदातामाझ जाँदा एमालेकी उम्मेदवार भगवती न्यौपानेले छोटो अवधि मन्त्री भएका समयको कामको प्रचारलाई तीव्र बनाएकी छन्।

राष्ट्रिय सभा सदस्य भएर संघीय संसदमा पुगेपछि एकपटक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भएको बेलामा देशको सामान्य प्रशासन क्षेत्रमा गरेका सुधारका अभ्यासले सुशासनमा आसलाग्दो काम गरेको प्रतिक्रिया पाएकी छन्। न्यौपानेले स्थानीय तह घोषणा भएदेखि पूर्णरूपमा प्रमुख प्रशासकीय अधिकृत नपाएका स्थानीय तहहरूमा सबैमा प्रमुख प्रशासकीय अधिकृत खटाएर निमित्तको अवस्था अन्त्य गरेकी थिइन्।

कर्मचारी सरुवा मापदण्ड लागू गर्नेदेखि धेरै प्रशासनिक सुधार गरेकी न्यौपानेले छोटो समयमै निर्वाचन क्षेत्रमा बजेट व्यवस्था गर्न विभिन्न मन्त्रालयमा समन्वय गरेको पनि निर्वाचनका बेलामा मतदातामाझ अन्तरक्रिया गरिरहेकी छन्।

एमालेकी न्यौपानेले सुशासन र विकासको परिणाम र मोडल दिँदै गर्दा निर्वाचन क्षेत्रबाट अघिल्लो निर्वाचनमा शानदार जित हात पारेका रास्वपाका वाग्ले र कांग्रेसका भट्टराईलगायत अन्य उम्मेदवारले भने आश्वासन मात्रै बाँडिरहेका छन्।

पुराना दलहरूले सिन्को नभाँचेको आरोप लगाउँदै अघिल्लो चुनाव जितेका वाग्लेले भने आगामी सरकारमा आफू अर्थमन्त्री भएर काम गर्ने आश्वासन बाँडिरहेका छन्। चुनावी घरदैलो अभियानमा वाग्लेले आफू अर्थमन्त्री भएर देशैभर हेर्नुपर्ने भन्दै आफूहरूको काम निर्वाचन क्षेत्रमा केन्द्रित भएर सानातिना काममा अल्झिने नभएको भन्दै पन्छिएका छन्।

गोरखा स्थायी ठेगाना भएका वाग्ले निर्वाचन लड्नका लागि तनहुँ आएको भन्दै स्थानीयहरूले 'टुरिष्ट' उम्मेदवार भनेको गुनासोसमेत गर्दै वाग्लेले निर्वाचन क्षेत्रका सबै टोलमा पुगेर गफगाफ गर्नमात्रै दुई वर्षभन्दा बढी लाग्ने रहेछ भनेर अन्तर्वार्ता दिएको भिडियो चर्चामा छ। चुनाव जितेपछि निर्वाचन क्षेत्र नफर्केको भन्दै आलोचना भएपछि वाग्लेको यस्तो प्रस्टीकरण शैलीको अन्तरवार्ता सार्वजनिक भएको हो। नेपाली कांग्रेसका उम्मेदवार भट्टराईले भने पौडेल राष्ट्रपति निर्वाचित भएका कारण प्रतिष्ठा बढेको र विकास भएको भन्दै कांग्रेसलाई भोट मागिरहेका छन्।

## नयाँ र युवा...

मुस्ताङ गाउँपालिका मञ्चको नयाँ अवधारणालाई स्थानयिले मनपराएको बताउँदै उनले यो अवधारणालो जिल्लाको विकास, संस्कृति, सम्पदामा कायापलट हुने दाबीसमेत गरे।

यसअघि, २०७९ सालको आमनिर्वाचनमा कांग्रेसका योगेश गौचन तीन हजार ९९२ मत ल्याएर विजयी भएका थिए। उनका निकटतम् प्रतिद्वन्द्वी एमालेका प्रेम तुलाचनले तीन हजार ७८ मत ल्याएका थिए। जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीका अनुसार, मुस्ताङमा यसपटक ३९ मतदान केन्द्रमा ११ हजार ३२८ मतदाता छन्।

तल्लो मुस्ताङ थकाली बहुल क्षेत्र हो। यहाँ दलित र अन्य समुदायको मत पनि उल्लेख्य छ। तल्लो क्षेत्रमा बाँडिने मत कांग्रेस र एमाले दुवै उम्मेदवारका लागि निर्णायक बन्न सक्ने घरपझोङ गाउँपालिकाका स्थानीयवासी बताउँछन्।

अहिले कांग्रेस र एमालेले आफूलाई बलियो बनाउन विभिन्न मुद्दा अगाडि सारेका छन्। एमालेले मुस्ताङमा सडक पुर्‍याएको जस लिने प्रयास गरिरहेको छ। २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको तत्कालीन सरकारले ल्याएको 'आफ्नो गाउँ आफै बनाऊँ' कार्यक्रमअन्तर्गत सोझै साविकका गाविसमा आएको रकमले उपल्लो मुस्ताङवासीले लोमन्थाङबाट सडक खन्न थालेका थिए। यही बाटो अहिले चुनावी नारा बनेको हो।

मुस्ताङमा मात्र हैन छिमेकी म्याग्दी र गण्डकी प्रदेशको राजधानी कास्कीमा समेत अहिले कोरला नाका चुनावी अजेन्डा बनेको छ। कोरला नाकालाई विशेष भू-बन्दरगाहको रूपमा विकास गर्ने, कोरला नाकाबाट मानसरोवरसम्म जाने गरी धार्मिक पर्यटन भित्र्याउने विषय सबै उम्मेदवारले चुनावी मुद्दा बनाएका छन्।

त्यस्तै, गुम्बा शिक्षालाई प्रविधिमैत्री बनाउने, अर्धनिषेधित उपल्लो मुस्ताङलाई खुला गर्न कूटनीतिक पहल गर्ने, कालीगण्डकी करिडोरको सडक पक्की गरी १२ महिना नै चल्ने बनाउने मुद्दा पनि चुनावी नारा बनेका छन्। कालीगण्डकीमा बाढी नियन्त्रण, कृषि र जलवायु अनुकूलनजस्ता विषयसमेत उम्मेदवारका एजेन्डा बनेका छन्।

चुनावमा उम्मेदवारले काठमाडौं, पोखरा जस्ता शहरमा बस्ने मतदातालाई बस र हेलिकोप्टरमा राखेर मतदानस्थलसम्म लैजाने गरेकामा यसपटक कुन उम्मेदवारले मतदाता कसरी ओसार्छन् भन्ने विषयले पनि यहाँको निर्वाचन परिणामलाइ असर पार्ने स्थानीयवासीको भनाइ छ।

## निर्वाचनमा...

**१४३ अस्थायी मतदान केन्द्र निर्धारण**

निर्वाचन आयोगले देशैभर १ सय ४३ अस्थायी मतदान केन्द्र निर्धारण गरेको छ। बुधबार आयोगले निर्वाचन केन्द्र र अस्थायी मतदाताको विवरण सार्वजनिक गरेको हो।

आयोगले २१ फागुनका लागि खटिने कर्मचारी, सेना, प्रहरीलगायतका लागि अस्थायी मतदान केन्द्र निर्धारण गरेको आयोगका सहायक प्रवक्ता सीता श्रीष पुनले जानकारी दिइन्।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि खटिएका सेना, प्रहरी तथा कर्मचारीलाई अस्थायी मतदाताको रूपमा सूचीकृत गरिएको आयोगले जनाएको छ। आसन्न निर्वाचनमा १ लाख ८६ हजार अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ। अस्थायी मतदाताले समानुपातिक निर्वाचन प्रणालीतर्फ तोकिएको मतदानस्थलमा मात्रै मतदान गर्न पाउने आयोगकी सहायक प्रवक्ता पुनले जानकारी दिइन्।

मतदाता सूचीमा नाम समावेश भएका तर निर्वाचनमा खटिएका वा अन्य कारणले निर्धारित मतदानस्थलमा जान नसक्नेहरूलाई अस्थायी मतदाता सूचीमा समावेश गर्ने व्यवस्था गर्ने गरी आयोगले आह्वान गरेको थियो। आयोगले गरेको यो व्यवस्था अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्वमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारका थुनुवा र कैदी, निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम अस्थायी मतदाता नामावलीमा समावेश छ। यस्तो निर्वाचन केन्द्रमा राज्यको संरक्षणमा रहेका ज्येष्ठ नागरिकसमेत अस्थायी मतदाताको रुपमा सहभागी हुन पाउनेछन्।

आयोगले यस अघि नै २३ हजार १ सय १२ नियमित मतदान केन्द्र निर्धारण गरेको छ। निर्धारित मतदान केन्द्रका लागि आवश्यक जनशक्ति तथा आवश्यक सामग्री र मतपत्र समेत पठाइसकेको आयोगले जनाएको छ।

आयोगका अनुसार कोशीमा २४, मधेशमा १८, बागमतीमा २६, गण्डकीमा १७, लुम्बिनीमा २३, कर्णालीमा १८ र सुदूर पश्चिममा १७ अस्थायी मतदान केन्द्र रहेका छन्।

## वैदेशिक सहायाता...

साउन २०८१ देखि असार २०८२ सम्मको अवधिमा नेपालको कुल व्यापार घाटा १५ खर्ब २७ अर्ब ९ करोड रुपैयाँ पुगेको छ।

आव २०८१/८२ मा कुल १८ खर्ब ४ अर्ब १२ करोड रुपैयाँको वस्तु आयात भएको छ भने निर्यात २ खर्ब ७७ अर्ब ३ करोड रुपैयाँमा सीमित रहेको छ।

यो अवधिमा नेपालले १ सय ६४ देशसँग व्यापारिक कारोबार गरेकोमा १ सय २७ देशसँग घाटा र ३७ देशसँग नाफाको स्थिति रहेको छ। पहिलो दृष्टिमा यो वृद्धि प्रभावशाली देखिए पनि गहिरो विश्लेषण गर्दा असन्तुलन स्पष्ट हुन्छ। निर्यात १ दशमलव ९७ गुणाले बढेर १ खर्ब ५२ अर्ब रुपैयाँ पुगेको छ भने आयात २ दशमलव ६५ गुणाले बढेर १५ खर्ब ९३ अर्ब रुपैयाँ पुगेको छ। यसले व्यापार घाटा झन् फराकिलो बनाएको छ। सेवा व्यापारमा समेत ५५ अर्ब रुपैयाँ घाटा रहेको अवस्था नेपालको संरचनागत कमजोरीको संकेत हो।

यस्तो अवस्थामा स्तरोन्नति हुनु एकातिर गौरवको विषय भए पनि अर्कोतिर कठोर प्रतिस्पर्धाको युगमा प्रवेश गर्नु हो। अतिकम विकसित मुलुकका रूपमा नेपालले पाउँदै आएको विशेष व्यापारिक सुविधा अब स्वतः कायम नहुने संकेत दिइसकेको छ। युरोपियन युनियनअन्तर्गतको जीएसपी प्लस सुविधा तथा संयुक्त राज्य अमेरिकाको जीएसपी सुविधा नेपाली निर्यातका लागि महत्वपूर्ण आधार थिए। स्तरोन्नतिपछि यी सुविधाको निरन्तरता अनिश्चित बन्नेछ। साथै दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्रअन्तर्गतका कतिपय सहुलियत पनि सीमित हुन सक्छन्।

इन्टरनेसनल ट्रेड सेन्टरले सन् २०२२ मा सार्वजनिक गरेको अध्ययनअनुसार स्तरोन्नतिपछि नेपालको निर्यातमा करिब ४ प्रतिशतसम्म गिरावट आउन सक्ने अनुमान गरिएको छ।

विशेषगरी तयारी पोसाक, टेक्सटाइल, कृषिजन्य वस्तु, ऊनी सामग्री र काठजन्य उत्पादनमा भन्सार महसुल वृद्धि र उत्पत्तिको नियम कडा हुने प्रक्षेपणले नेपाली निर्यातकलाई प्रत्यक्ष असर पार्नेछ। प्रतिस्पर्धी देशहरूले सस्तो श्रम, उच्च उत्पादकत्व र बलियो पूर्वाधारको आधारमा बजार कब्जा गरिरहेका बेला नेपालले सहुलियत गुमाएर प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आउँदैछ।

सरकारले सार्वजनिक गरेको रणनीतिक योजनाले यिनै जोखिमलाई सम्बोधन गर्ने दाबी गरेको छ। योजनाको मूल दृष्टिकोण वाणिज्य क्षेत्रको प्रवर्धनमार्फत आर्थिक समृद्धि हासिल गर्दै विकासशील राष्ट्रमा दिगो र उत्थानशील स्तरोन्नति सुनिश्चित गर्नु हो। बजार पहुँच विस्तार, निर्यात प्रवर्धन, लगानी आकर्षण र व्यापार विविधीकरणलाई प्राथमिकता दिइएको छ।

योजनाले प्रमुख व्यापार साझेदार राष्ट्रहरूसँग द्विपक्षीय स्वतन्त्र व्यापार सम्झौताको सम्भाव्यता अध्ययन गर्ने, उपलब्ध सहुलियतको निरन्तरताका लागि कूटनीतिक पहल गर्ने र वैकल्पिक पारवहन मार्ग विकास गर्ने रणनीति अघि सारेको छ। यसले निर्भरता घटाउने र नयाँ बजार खोज्ने संकेत दिएको छ। तर स्वतन्त्र व्यापार सम्झौता केवल घोषणा गरेर सम्भव हुँदैन। त्यसका लागि घरेलु उद्योगको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तर मापदण्ड र लागत संरचना सुधार अपरिहार्य हुन्छ।

उत्पादन र गुणस्तर अभिवृद्धि योजनाको अर्को केन्द्रीय विन्दु हो। साना तथा घरेलु उद्योगलाई सुदृढ गर्ने, बौद्धिक सम्पत्ति दर्ता र ब्रान्डिङमा सहयोग गर्ने तथा जडीबुटी, सौन्दर्य प्रसाधन र ऊनी गलैंचाजस्ता सम्भावनायुक्त वस्तुको प्रवर्धन गर्ने लक्ष्य राखिएको छ। यसले मूल्य अभिवृद्धि बढाउने प्रयास देखाउँछ।

व्यापारजन्य पूर्वाधार र लजिस्टिक सुधारबिना प्रतिस्पर्धा सम्भव छैन। उच्च ढुवानी लागत, सीमामा ढिलाइ, जटिल भन्सार प्रक्रिया र कमजोर भण्डारण संरचनाले नेपाली उत्पादनको लागत बढाएको छ। योजनाले लजिस्टिक लागत घटाउने, गुणस्तर परीक्षण सुविधा सुदृढ गर्ने र क्षेत्रीय अन्तरआबद्धता पहल कार्यान्वयन गर्ने प्रस्ताव गरेको छ। तर विगतका अनुभवले देखाउँछ- पूर्वाधार परियोजनाहरू कागजमा तीव्र, व्यवहारमा सुस्त छन्।

योजनाले भन्सार तथा गैरभन्सारजन्य उपाय सुदृढ गर्ने, एन्टिडम्पिङ र सेफगार्ड कानुन प्रभावकारी बनाउने तथा घरेलु उद्योगलाई नगद प्रोत्साहन र कर सहुलियत दिने उल्लेख गरेको छ।

यस्ता उपायले आन्तरिक उद्योगलाई अस्थायी राहत दिन सक्छन्, तर दीर्घकालीन समाधान उत्पादनशीलता वृद्धि र प्रविधि आधुनिकीकरणमै निर्भर हुने देखिएको छ।

**अनलाईन सञ्चारमाध्यमको दर्ता प्रमाणपत्र रद्ध गर्ने सम्बन्धी सूचना**

सूचना तथा प्रसारण विभागमा दर्ता नं. ४२५२-२०८०/२०८१ मिति २०८०/०७/२३ मा रहेको संघारी मल्टिपल सर्भिस एण्ड रिसर्च प्रा.लि.द्वारा सञ्चालित www.sangharinews.com नामक अनलाईन सञ्चारमाध्यमको दर्ता खारेज गरिनेहुँदा यस सञ्चारमाध्यमसंग सम्बन्धित कुनै श्रमजिवि पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८२ फागुन १४ गते प्रकाशित भएको १५ दिन भित्र यस संस्थाको ठेगाना धनगढी उपमहानगरपालिका वडा नं. ७ कैलालीमा ९८००६५४०४ मा वा इमेल smultipleservice@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडी बढाइने व्यहोरा अनुरोध छ।

**कालीमैयाँ कुमारी चौधरी**
**सञ्चालक**

**आर. एस. टि. सि. ए. इन्भेष्मेन्ट फन्ड लिमिटेड**
दर्ता नं. ३१३९३०
केन्द्रिय कार्यालय, काठमाडौ।

**वार्षिक साधारण सभा सम्बन्धि सूचना।**

प्रथम पटक प्रकाशित मिति २०८२/११/१३
दोस्रो पटक प्रकाशित मिति २०८२/११/१४

श्री शेयरधनी महानुभावहरु,
मिति २०८२/११/११ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस आर. एस. टि. सि. ए. इन्भेष्मेन्ट फन्ड लिमिटेडको आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको समुपस्थिती तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय**
मिति : २०८२ चैत ३ गते मंगलबार (तदनुसार १७ मार्च, २०२६)
स्थान : एलैची रेष्टुरेण्ट, नखिपोट
समय : विहान ८:०० बजेदेखि १२:०० बजेसम्म

**सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावित विषयहरु**
**(क) सामान्य प्रस्तावहरु तर्फ**
(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
(२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतमा वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा।
(३) आ.व. २०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
(४) संचालक समितिबाट भए गरेका निर्णय, काम, कारवाहीहरु अनुमोदन गर्ने सम्बन्धमा।
**(ख) विविध :**

**संचालक समिति**
**आर. एस. टि. सि. ए. इन्भेष्मेन्ट फन्ड लि.**

**Government of Bagmati Province**
Ministry of Forest and Environment
Directorate of Forest

**Soil and Watershed Management Office**
Hetauda, Makawanpur
Bagmati Province, Nepal

**Invitation for Electronic Bids**

**Notice No. - 02-082/83**
Date of Publication: 2082-11-14

1. Soil and Watershed Management Office, Makawanpur has allocated funds GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.
2. Soil and Watershed Management Office, Makawanpur invites electronic bids from eligible bidders for the following work.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (With VAT and without Contingencies) |
|---|---|---|---|---|---|---|---|
| SWMOMAK/ WORKS/NCB/ 02/2082/83 | **Construction of Spur and Gabion flood wall Works for Koeralodamar Tallo Tole Basti Sanrakshan, Bagmati-5, Makawanpur** | 3,000.00 | 3,00,000.00 (Three Lakhs Only) | 2082-12-16 12:00 hour 2026-03-30 | 2082-12-16 13:00 hour 2026-03-30 | 2082-12-05 13:00 hour 19-03-2026 | 12,767,640.63 |

3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp.

**Office Chief**

**Tourism Development Office, Dhanusha**
Janakpurdham
Bid Publication Date: 2082/11/14 (26th February 2026)

**IVITATION FOR ELECTRONIC BIDS**

| S. N. | Project Title (Works/Goods) | IFB No./Bid No. | Cost of Bid Documents Fee (Non Refundable) | Bid Security Amount | Estimated Amount including PS & VAT | Last date of Bid Submission | Last date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | Loharpatti Na. Pa.-5 Mahadev Pokharima Purwari Dakshinbari Ghat Nirman | 08/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.70,000 | Rs.27,99,960.74 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 2 | Mahottriko Parol Sthanma Badhahala Nirman Karya | 09/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.80,000 | Rs.31,99,574.73 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 3 | Matihani 6 Jalsagarma Ghat Nirman Abam Saundarayakaran | 10/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.80,000 | Rs.31,99,403.77 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 4 | Manra Siswa Na.Pa. - 8 Thadi Pokharima Chhat Ghat Nirman | 11/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.90,000 | Rs.35,99,105.54 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 5 | Mahottari Jilla Jaleshwar Na.Pa. ward No. 3 Maliwara Janta Ma.Vi. Vidhalaya Pokhari ghat tatha saundarayakran | 12/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.1,00,000 | Rs.39,99,957.97 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |
| 6 | Jaleshwar Na.Pa. Ward No. 3 Khaira School Najikako Pokharima Ghat Nirman | 13/NCB/Works/ TDODHANUSHA/082/083 | Rs.3,000 | Rs.80,000 | Rs.31,99,698.93 | 2082/12/15 12:00 Noon | 2082/12/15 13:00 PM |

**1. Bid Document Fee**
Account Name: Tourism Development Office, Dhanusha Acccount No: 1000100200010000 Bank Name: Rastriya Banijya Bank Ltd.
Office Code: 3070017052 Rajaswa(Revenue) Shirshak No: 14229

**2. Bid Security Fee**
Account Name: Province Financial Controller Office, Janakpurdham Bank Name: Rastriya Banijya Bank Ltd. Janakpurdham
Acccount No: 1220100202030000

**Note:** 1. Bids Shall Be Opened At Tourism Development Office,Dhanusha
2. A complete set of Bidding document can Be Downloaded from website : www.bolpatra.gov.np/egp
3. For Further Information Please Conatact at No: 9854046519 , Email:- tdodhanuhsa@gmail.com

**A.Office Chief**

■ बैंकिङ प्रणालीमा अधिक तरलता

# राष्ट्र बैंकले तान्यो ४० अर्ब



**पूर्णभक्त दुवाल/राजधानी**
काठमाडौं, १३ फागुन

बैंकिङ प्रणालीमा तरलता फालाफाल भएपछि नेपाल राष्ट्र बैंकले ४० अर्ब रुपैयाँ निक्षेप तानेको छ । केन्द्रीय बैंकले ८८ दिनका लागि निक्षेप संकलन उपकरणको बोलकबोल तथा निष्कासन गरी निक्षेप तानेको हो ।

पछिल्लो समय प्रणालीमा अत्यधिक नगद थुप्रिँदा ब्याजदरमा दबाब परेको र कर्जा विस्तार अपेक्षाकृत सुस्त बनेको सन्दर्भमा केन्द्रीय बैंकले तरलता व्यवस्थापनलाई तीव्र बनाएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार कुल निक्षेप ७७ खर्ब ४९ अर्ब रुपैयाँ पुगेको छ। अहिले वाणिज्य बैंकहरूको निक्षेप ६९ खर्ब ८३ अर्ब रुपैयाँ रहेको छ भने अन्य वित्तीय संस्थाहरूको हिस्सा ७ खर्ब ६६ अर्ब रुपैयाँ छ। त्यसैगरी कुल कर्जा ५८ खर्ब ४ अर्ब रुपैयाँमै स्थिर देखिएको छ, जसले निक्षेपको तुलनामा कर्जा विस्तार बढ्न नसकेको संकेत गर्छ।

वाणिज्य बैंकहरूको कर्जा ५१ खर्ब ६५ अर्ब र अन्य वित्तीय संस्थाहरूको ६ खर्ब ३९ अर्ब रुपैयाँ रहेको छ । निक्षेप र कर्जाबीचको अनुपात अर्थात् सीडी रेसियो ७४ दशमलव १५ प्रतिशतमा सीमित रहेको छ, जसले बैंकहरूसँग लगानीयोग्य रकम प्रशस्त रहेको देखाउँछ। अन्तरबैंक ब्याजदर २ दशमलव ७५ प्रतिशतमा झरेको छ ।

यसरी कर्जाको माग न्यून र निक्षेप अधिक भएपछि नेपाल राष्ट्र बैंकले न्यूनतम १० करोड रुपैयाँदेखि ५ करोडको गुणकमा आवेदन दिन मिल्ने गरी बोलकबोल आह्वान गरेको हो । यसमा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी भएका थिए ।

ब्याजदर प्रतिस्पर्धात्मक बोलकबोलका आधारमा निर्धारण हुने केन्द्रीय बैंकले उल्लेख गरेको छ। सबैभन्दा कम ब्याजदर प्रस्ताव गर्ने संस्थालाई प्राथमिकता दिँदै रकम बाँडफाँट गरिनेछ । यस निक्षेपको साँवा तथा ब्याज १० जेठ २०८३ मा भुक्तानी गरिने तय गरिएको छ ।

पछिल्लो समय केन्द्रीय बैंकले निक्षेप संकलन उपकरण, स्थायी निक्षेप सुविधा तथा ऋणपत्रजस्ता साधन प्रयोग गर्दै निरन्तर तरलता प्रशोचन गर्दै आएको छ। चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्म मात्रै २८ खर्ब रुपैयाँभन्दा बढी तरलता प्रणालीबाट खिचिएको तथ्यांकले मौद्रिक व्यवस्थापन कति सक्रिय रूपमा भइरहेको छ भन्ने देखाउँछ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा यो परिमाण दोब्बरभन्दा बढी हो । समग्रमा हेर्दा बैंकिङ प्रणालीमा निक्षेप तीव्ररूपमा बढ्दै जाँदा कर्जा विस्तार सुस्त रहनु, ब्याजदर न्यूनस्तरमा झर्नु र लगानीका अवसर सीमित देखिनु अहिलेको प्रमुख चुनौतीका रूपमा देखिएका छन् । यही असन्तुलनलाई नियन्त्रण गर्न नेपाल राष्ट्र बैंकले बारम्बार बजारबाट रकम खिच्ने रणनीति अपनाइरहेको छ, जसले अल्पकालमा ब्याजदर स्थिरता कायम राख्न मद्दत गरे पनि दीर्घकालमा कर्जा माग र आर्थिक गतिविधि बढाउने चुनौती भने यथावत् रहेको छ ।

संकलित निक्षेप सम्बन्धित संस्थाको लगानी मानिने भएकाले सो रकम अनिवार्य नगद मौज्दात (सीआरआर) मा गणना गर्न नपाइने पनि केन्द्रीय बैंकले स्पष्ट पारेको छ।

केन्द्रीय बैंकले पछिल्लो समय प्रणालीमा थुप्रिएको तरलता नियन्त्रण गर्न नियमित रूपमा निक्षेप संकलन उपकरण प्रयोग गर्दै आएको छ ।

# पूँजीबजार पारदर्शी र लगानीमैत्री बनाउन चेम्बरको सुझाव

**राजधानी समाचारदाता**
काठमाडौं, १३ फागुन

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले पूँजीबजारलाई थप सुदृढ, पारदर्शी र लगानीमैत्री बनाउन सुझाव दिएका छन् । सिडिएस एन्ड क्लियरिङ लिमिटेडद्वारा प्रस्तावित धितोपत्र अभौतिकीकरण कार्य सञ्चालन निर्देशिका-२०८२ सम्बन्धी मस्यौदामाथि राजधानीमा सम्पन्न भएको छलफल कार्यक्रममा चेम्बरका अध्यक्ष अग्रवालले यस्तो सुझाव दिएका हुन् ।

निजी क्षेत्रको तर्फबाट आफ्नो धारणा राख्ने क्रममा अग्रवालले पूँजी बजार सुधारका लागि एकीकृत नीति आवश्यक रहेकोमा जोड दिए। विकासोन्मुख देश नेपालका लागि पूँजीवजार आर्थिक विकासको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै उनले यसले बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन, उद्योग-व्यवसाय विस्तार, रोजगारी सिर्जना तथा विदेशी लगानी आकर्षणमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

प्रस्तावित निर्देशिका बजारलाई जटिल बनाउने होइन, तरल, सुरक्षित र लगानीमैत्री बनाउने लक्ष्यका साथ परिमार्जन गर्नुपर्नेमा उनले जोड दिए ।

अध्यक्ष अग्रवालले विगतमा लागू गरिएको दोहोरो आईएसआईएन (अन्तर्राष्ट्रिय धितोपत्र पहिचान नम्बर) प्रणालीका कारण एउटै कम्पनीका सेयरको फरक-फरक मूल्य कायम भई बजारमा सट्टेबाजी तथा मूल्य विकृति समेत बढेको जानकारी गराए ।

यसले लगानीकर्तामा भ्रम र अविश्वास सिर्जना गर्नुका साथै वजार सूचकांक र कारोवारमा नकारात्मक प्रभाव परेको भन्दै उनले अन्तर्राष्ट्रिय अभ्यासअनुसार 'एउटै कम्पनी, एउटै आईएसआईएन' को नीति अवलम्बन गर्नुपर्ने सुझाव दिए ।

चेम्बरका अनुसार संस्थापक र सर्वसाधारण सेयरबीचको विभाजनले सेयरको तरलता घटाउने, बोनस, हकप्रद तथा लाभांश वितरणजस्ता संस्थागत कार्यहरूमा प्राविधिक जटिलता बढाउने र नियामक निकायको अनुगमनमा समेत कठिनाइ सिर्जना गर्ने समस्या देखिएको धारणा राखे ।


## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

### कृषि एम्बुलेन्समा साझेदारीका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/११/१४ गते, ने.सं. ११४६ चिल्लाथ्व नवमी, बिहिबार

दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी, कृषिको रूपान्तरणमा हामी सबैको जिम्मेवारी नामक नवप्रवर्तन साझेदारी कोषको कार्यान्वयनमा प्रादेशिक कार्यक्रम सहयोग इकाई र यस नगरपालिकाबीच साझेदारीको सम्झौता भएको छ। यस परियोजनाबाट चिस्यान सहितको मासु तथा तरकारी ढुवानी सवारी साधन (कृषि एम्बुलेन्स) खरिद गर्ने समेत रहेको छ।यो सवारी साधन उपलब्ध भएमा स्थानीय कृषकहरूले पालेका पशपन्छीको मासु तथा तरकारी नजिकका बजारहरूमा समेत ढुवानी गरी बिक्री वितरण गर्न सहजता हुने र कृषकहरूको आयस्तरमा समेत वृद्धि हुने अपेक्षा रहेको छ। यसर्थ उक्त एम्बुलेन्सको लागत अनुमान बत्तीस लाख रूपैयाँ रहेको हुँदा सहकारी तथा फर्महरूले उक्त रकमको पैतीस प्रतिशत र समूहहरूले पच्चीस प्रतिशत रकम साझेदारी गर्न यस नगरपालिकामा रहेका ईच्छुक सहकारी संस्था/कृषि तथा पशुपन्छी समूह/कृषि तथा पशुपन्छी फर्मले मिति २०८२/११/२८ भित्र देहाय बमोजिमका कागजातहरू संलग्न गरी आशयपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरूः**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फाराम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिबद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।


# फेक रेस्क्युमा संलग्न दुई जना पक्राउ

**काठमाडौं/रास-** पर्यटक उद्धार (रेस्क्यु) को नाममा भइरहेको संगठित ठगी प्रकरण 'फेक रेस्क्यु' मा संलग्नता देखिएको आरोपमा थप दुई जना पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले सार्वजनिक गरेको आधिकारिक विवरणअनुसार ट्रेकिङ कम्पनी, हेलिकोप्टर सेवा प्रदायक र बिमा दाबी प्रक्रियासँग जोडिएको जालो क्रमशः उजागर हुँदै गएको छ । पछिल्लो कारबाहीले यो प्रकरण व्यक्तिगत अनियमितता नभई संगठित आर्थिक अपराधको स्वरूपमा विकसित भएको संकेत गरेको प्रहरीले जनाएको छ ।

सीआईबीका अनुसार पक्राउ पर्नेहरूमा रोयल होलिडेज एडभेन्चर एन्ड ट्राभल कम्पनीका सन्दीप तिवारी र विमान सेवा सञ्चालक संघका पूर्व उपाध्यक्ष राजेन्द्रबहादुर सिंह रहेका छन् । २८ वर्षे तिवारी धादिङ ज्वालामुखी गाउँपालिकाका हुन् भने ५६ वर्षे सिंह काठमाडौं महानगरपालिका-३१ का बासिन्दा हुन् । अनुसन्धानको आधार बनेको अपलोड गरिएको दस्ताबेजमा फेक रेस्क्यु नाममा सञ्चालन गरिएको योजनाबद्ध ठगीको विस्तृत संरचना उल्लेख गरिएको प्रहरीले जनाएको छ । सो विवरणअनुसार माउन्टेन रेस्क्यु सर्भिस, एभरेस्ट एक्सपेरियन्स र नेपाल चार्टर सर्भिस जस्ता कम्पनीको संलग्नता देखिएको छ ।

यी संस्थाले पर्यटकलाई अनावश्यक रूपमा हेलिकोप्टर उद्धार गराइएको देखाएर बिमा कम्पनीबाट ठूलो रकम असुल्ने काम गरेको प्रारम्भिक निष्कर्षमा उल्लेख छ। दस्ताबेजले देखाएअनुसार, सामान्य स्वास्थ्य समस्या भएका वा कहिलेकाहीँ कुनै समस्या नै नभएका विदेशी पर्यटकलाई 'आपतकालीन उद्धार' आवश्यक भएको देखाइने गरेको पनि पाइएको छ ।

यसरी हेलिकोप्टर उडान गराएर उद्धार गरिएको नाटक सिर्जना गरिएको आरोप नेपाल प्रहरीको रहेको छ । यस क्रममा प्यासेन्जर एन्ड कार्गो म्यानिफेस्ट, इन्सुरेन्स पोलिसी जस्ता कागजातहरू तयार पार्ने र वास्तविकभन्दा बढी खर्च देखाइने गरेको पाइएको छ । यस प्रकारको ठगीको अन्तिम लक्ष्य बिमा कम्पनीहरूबाट ठूलो रकम दाबी गर्नु रहेको देखिन्छ। विदेशी पर्यटकहरूको बिमा कभरेजलाई लक्षित गर्दै उद्धार खर्च अत्यधिक देखाइन्थ्यो, जसका आधारमा अन्तर ाष्ट्रिय बिमा कम्पनीहरूबाट भुक्तानी लिइन्थ्यो । यस प्रक्रियामा ट्रेकिङ एजेन्सी, हेलिकोप्टर कम्पनी, अस्पताल तथा बिमा दाबी समन्वय गर्ने एजेन्टहरूबीच मिलेमतो रहेको अनुसन्धानले देखाएको छ। फेक रेस्क्युका कारण नेपाल पर्यटक गन्तव्यलायक होइन, नेपाल भ्रमणमा समस्यालगायतका नकारात्मक सन्देशहरू अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र प्लेटफर्महरूमा फैलिएको भनाइ प्रहरीको रहेको छ ।

प्रहरीका अनुसार यसले नेपाललाई 'जोखिमयुक्त' गन्तव्यको रूपमा चित्रित गर्ने खतरा बढाएको छ । जसले दीर्घकालमा पर्यटन आगमनमा प्रत्यक्ष असर पार्न सक्छ। यो प्रकरण केवल आर्थिक ठगीमा सीमित नभई नीतिगत र संरचनात्मक कमजोरीसँग पनि जोडिएको देखिएको छ। नेपालमा पर्वतीय पर्यटन अत्यधिक निर्भर क्षेत्र हो, जहाँ उद्धार सेवा अनिवार्य सुरक्षा संयन्त्रका रूपमा स्थापित छ। तर यही प्रणालीको दुरुपयोग हुँदा नियमनको कमजोरी उजागर भएको छ ।


## साउदी अरबमा रोजगारी

१. कम्पनीको नाम: Tubestar Oil & Gas Arabia Company for Gas, Saudi Arabia

पूर्व स्वीकृति मितिः 25.02.2026 एल.टी. नं.# 339528 चलानी नं.: 60252984

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Normal Factor | 1 | 0 | 1000 | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | २१ दिन | छ | छ | २ वर्ष |

अन्तरवार्ता: २१ फाल्गुन २०८२ (5 March 2026)
अन्तरवार्ता हुने स्थान: एसओएस मेनपावर सर्भिस प्रा.लि., टोखा-५, धापासी ।

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा खर्च व्यहोर्ने कति लाग्ने | रोजगारमा बिमा हुने नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने, प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु.७००/- कामदारले तिर्ने | रु.१,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १. आफ्नो नाममा भिषाप्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रूपमा लिनुहोला । २. आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफूलाई कठिनाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४. विदेश जानु अघि अभिमुखीकरण तालिम अनिवार्य लिनु पर्नेछ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम गर्ने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्त बारे राम्ररी बुझेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ (एक) प्रति आफू संग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**SOS MANPOWER SERVICE PVT. LTD.**
Dhapasi, Kathmandu,Near Hotel Shahenshaha
Email: info@sosgroup.com.np, www.sosgroup.com.np
Gov.Lic.No.: 80/052/053 Tel.(Hotline):+977-1-4965986/87, WhatsApp: 9802368332

आफ्नो बायोडाटा र अनुभवका कागजातहरू माथिको WhatsApp मा पठाउनु होला ।



## प्रभु म्यूचुअल फण्ड
PRABHU MUTUAL FUND

अन्तर्गत सञ्चालित

## प्रभु सिस्टमेटिक इन्भेष्टमेण्ट स्किम
PRABHU SYSTEMATIC INVESTMENT SCHEME

### २०८२ माघ मसान्तको अपरिष्कृत वितीय विवरण

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामुहिक लगानी कोष नियमावली २०६७, बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/१२/२८ योजना संचालन अनुमति प्राप्त भएको खुलामुखी योजना (योजना बाँडफाडँ भएको मिति २०८२/०३/१७)

### खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

| | | यस मासिक मसान्त (रु.) | गत मासिक मसान्त (रु.)* |
|---|---|---|---|
| क. | धितोपत्रमा लगानी | | |
| क्र.सं. | विवरण | मुल्य (रु.) | मुल्य (रु.) |
| १ | सुचिकृत शेयर | ३२८,५७९,१३७.५ | ३१५,३६३,६६५.० |
| २ | बैंक मुद्दती निक्षेप | - | - |
| ३ | डिवेन्चर . बोण्ड | ५५६,०००.० | - |
| ४ | सार्वजानिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर | १६,७७९,६९३.५ | १९,०४२,९६९.३ |
| | जम्मा (क) | ३४५,९१४,८३१.० | ३३४,४०६,६३४.३ |
| ख. | चालु सम्पत्ति | | |
| क्र.सं. | विवरण | मुल्य (रु.) | मुल्य (रु.) |
| १ | बैंक मौज्दात | ५०,१८२,६५१.२ | ६७,४६४,७३२.० |
| २ | अन्य सम्पत्ति | ९,४७२,६३०.४ | ९,१७६,१५३.८ |
